अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग – २ सँग सम्बन्धित)


लालझाडी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ६ मितिः२०८०/०६/१२

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०६/०९


## भाग-२

## लालझाडी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यावधि, २०८०

### प्रस्तावना

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधान बाटै निर्देशित छ । अतः लालझाडी गाउँपालिका क्षेत्र भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा

सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी लालझाडी गाउँपालिकाले लालझाडी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यावधि २०८० जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:-

(क) यो निर्देशिकाको नाम "**लालझाडी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यावधि २०८०**" रहेको छ।

(ख) लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) **"एम्बुलेन्स "** भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) **"एम्बुलेन्स जनशक्ति"** भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले लालझाडी गाउँपालिका लाई सम्झनु पर्छ।

(ङ) **"सेवा शुल्क"** भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) **"सेवा"** भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रतिनिधि/रेडक्रस सोसाईटी (लालझाडी गाउँपालिका) - सदस्य

(ड) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक सम्वन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम, कर्तव्य र अधिकार :-**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ: -

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने

(च) गाउँपालिकाले विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैंक / कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५. **सेवा शुल्क सम्बन्धी व्यवस्था :-**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाको एक अलग बैंक खाता / कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख / नियन्त्रण खाता गाउँपालिकामा राखिने छ ।

(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम

सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**६. चालकको नियुक्ती र सेवा सुविधा :-**

(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु २ लाख सम्मको दुर्घटना बिमा गरिनेछ । विमाको प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिने छ ।

(४) आम्दानी को १० प्रतिशत प्रोत्साहन रकम चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

(५) प्रतिशत प्रोत्साहन रकम प्राप्तिका लागि चालकले एम्बुलेन्सको लकबुक, बिल सहित निवेदन पेश गर्नुपर्नेछ ।

**७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार:-**

(१) एम्बुलेन्स लालझाडी गाउँपालिकाका गाउँ कार्यपालिकाको हातामा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**८. विविध:-**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

# अनुसूची १
## (निर्देशिकाको दफा ५ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| सि.न. | देखि | सम्म | दररेट (रु.) | कै. |
|---|---|---|---|---|
| १ | शरंकपरपुर स्वास्थ्य चौकी | २ नं. वडा भरि | ५००।- | |
| २ | शरंकपरपुर स्वास्थ्य चौकी | नन्दगाउँ, बल्मी, बिनबारी | १,००० ।- | |
| ३ | शरंकपरपुर स्वास्थ्य चौकी | जाई, पर्सिया | १,५०० ।- | |
| ४ | शरंकपरपुर स्वास्थ्य चौकी | बेलौरी | २,००० ।- | |
| ५ | शरंकपरपुर स्वास्थ्य चौकी | धनगढी | ३,००० ।- | |
| ६ | शरंकपरपुर स्वास्थ्य चौकी | महेन्द्रनगर | ५,००० ।- | |
| ७ | शरंकपरपुर स्वास्थ्य चौकी | नेपालगंज | १४,००० ।- | |
| ८ | शरंकपरपुर स्वास्थ्य चौकी | चितवन | २७,०००।- | |
| ९ | शरंकपरपुर स्वास्थ्य चौकी | काठमाडौं | ३८,००० ।- | |
| १० | चान्देव | शोभाताल | ५०० ।- | |
| ११ | चान्देव | ढक्का | ५०० ।- | |
| १२ | चान्देव | पर्सिया | १,००० ।- | |
| १३ | चान्देव | बेलौरी | १,५०० ।- | |
| १४ | चान्देव | धनगढी | ४,००० ।- | |
| १४ | चान्देव | महेन्द्रनगर | ४,५०० ।- | |
| १६ | चान्देव | वनबसा | ७,००० ।- | |
| १७ | चान्देव | कोहलपुर | १२,००० ।- | |
| १८ | चान्देव | नेपालगंज | १४,००० ।- | |

- दुरीको हकमा गतन्व्य स्थान नै मान्य हुनेछ ।
- बाटोमा लाग्ने करहरु प्रयोगकर्ताले नै व्यहोर्नु पर्नेछ ।
- एम्बुलेन्समा लाग्ने ईन्धन प्रयोगकर्ताले नै व्यहोर्नु पर्नेछ । इन्धन कालोपत्रे सडकमा प्रति ८ कि.मि. १ लिटर र कच्ची ग्राभेल बाटोमा प्रति ५ कि.मि. बराबर १ लिटरका दरले लाग्नेछ ।

## अनुसूची- २
## ( निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत )
## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१) एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७५ लाई पूर्णतः पालना गर्नुपर्ने।

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने।

४) बिरामीको ओसारपसार तथा उपचार गनेए क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने।

५) आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने, आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने।

६) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

७) बिरामीलाई बिच बाटोमा छाड्न नहुने।

८) आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने।

९) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने।

१०) आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

११) नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म.................................ठेगाना.....................................................
ना.प्र.प.नं. ............... जिल्ला, ड्राईभिङ लाईसेन्स नं. .........................
ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ................जिल्ला..........................................संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको नाम : रोहबरमा प्रमाणित गर्ने व्यक्तिको नाम :

दस्तखत : दस्तखत :

मिति :

## अनुसूची ३
## (निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)

"ग" वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन
- IV Injection दिन सक्ने व्यवस्था
- Stitcher Cum Board
- Stethoscope
- B.P. Apparatus, Torchlight
- Driver with basic training in first aid and emergency medicine.

आज्ञाले ,
राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत